GUARDIANSHIP BOARD

# <u>जातीय समानता प्रबर्द्धनमा</u> विद्यमान तथा योजनाबद्ध उपाय

## गार्जेनसिप बोर्ड (Guardianship Board)

गार्जेनसिप बोर्ड (GB) हङकङ विशेष प्रशासनिक क्षेत्रको कानूनी अर्धन्यायिक निकाय हो र यसले मानसिक स्वास्थ्य अध्यादेशको भाग IVB, क्याप 136 अन्तर्गत कार्य गर्दछ। यसको केन्द्रीय वैधानिक भूमिका भनेको निर्णय लिन असक्षम 18 बर्ष र सोभन्दा बढी उमेरका मानिसहरूका लागि संरक्षकतासम्बन्धी आदेशहरू बनाउन सुनुवाईहरू सञ्चालन गर्नु हो।

| | |
|---|---|
| सम्बद्ध सेवाहरू | ☐ GB ले विभिन्न जातजातिका मानिसहरूलाई GB को सेवामा समान पहुँच प्राप्त गर्न सक्षम तुल्याउन उपायहरू अपनाउने गर्दछ। सर्वसाधारणहरूले संरक्षकतासम्बन्धी आवेदनहरू तथा सोसम्बन्धी समस्याहरूको बारेमा GB सचिवालयमा सोधपूछ गर्न सक्छन्। |
| विद्यमान उपायहरू | ☐ GB ले आफ्नो सेवा प्रबन्धको लागि चिनियाँ र/वा अङ्ग्रेजी भाषा प्रयोग गर्दछ।<br><br>☐ GB ले आवश्यकता र अनुकूलता हेरेर हङकङ क्रिस्चियन सर्भिस वा अन्य सेवा प्रदायकहरू अन्तर्गत अल्पसंख्यक जातिका बासिन्दाहरूको मेलमिलाप तथा सुधार केन्द्र (Centre for Harmony and Enhancement of Ethnic Minority Residents, CHEER) मार्फत बहसा इण्डोनेसिया, हिन्दी, नेपाली, पन्जाबी, उर्दू, टगालग, थाई तथा भियतनामी जस्ता आठ वटा भाषामा दोभाषे/अनुवादन सेवाको प्रबन्ध मिलाउनेछ। |
| भावी कार्यको मूल्याङ्कन | ☐ GB ले समय-समयमा आफ्ना सेवाहरूको समीक्षा गर्नेछ र आवश्यकताअनुसार सुधार गर्नेछ। |
| अपनाउनु पर्ने थप उपाय | ☐ अपनाइएका उपायहरूको प्रभावकारिता मापन गर्न GB ले विभिन्न जातजातिका मानिसहरूले प्रयोग गर्ने दोभाषे सेवाको आवश्यकता र प्रयोगको डेटा तथा तथ्याङ्क सङ्कलन गर्नेछ। |

माथि सम्बद्ध उपायहरूका बारेमा सोधपूछ गर्नु परेमा कृपया तलका माध्यमहरू प्रयोग गरी वरिष्ठ कानूनी अधिवक्तालाई सम्पर्क गर्नुहोस्:
-


टेलिफोन नम्बर: (852) 2369 1999
फ्याक्स नम्बर: (852) 2739 7171
इमेल: gbenquiry@adultguardianship.org.hk
पत्राचार ठेगाना: Unit 807, 8/F, Hong Kong Pacific Centre
28 Hankow Road
Tsimshatsui, Kowloon
Hong Kong


गार्जेनसिप बोर्ड सचिवालय (Guardianship Board Secretariat)
जुन 2025